# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ३१ गते २०३९ साल

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उपनियम (६) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको अनुसूची २ को क्रमसंख्या २१ मा उल्लेखित मेडिकल टेक्नोलजी समूहको लागि निर्धारित आवश्यक न्यूनतम शैक्षिक योग्यताको सट्टा देहायबमोजिम न्यूनतम शैक्षिक योग्यता कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

" विज्ञानमा स्नातक भई व्याक्टेरियोलजी, बायोकेमेष्ट्री, हिष्टोप्याथोलजी, साइटोलजी, पारासाइटोलजी, ब्लड बैङ्क, हिमाटोलजी, इम्युनोलजी, भाइरोलजी, इन्टमोलजी, मेडिकल टेक्नोलजी वा माइक्रोबायोलजी मध्ये कुनै एक विषयमा एक शैक्षिक वर्षको अर्थात ९ महीनाको तालीम प्राप्त वा मेडिकल टेक्नोलजीमा स्नातक वा सो सरह।"

आज्ञाले,
टेकनाथ भट्टराई
श्री ५ को सरकारको उप-सचिव

९६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।